# तपाईंको ड्राइभिङ मूल्याङ्कनबारे

## हामी सहयोग गर्नका लागि हाजिर छौँ।

हामी बुझ्छौं कि चालक इजाजतपत्र प्राप्त गर्नु तस्मानिया बसोबास गर्ने मानिसहरूका लागि एक महत्त्वपूर्ण चरण हो र हामी यो सुनिश्चित गर्न चाहन्छौं कि सबै चालकहरूले उनीहरूलाई एक सुरक्षित चालक बन्न आफ्नो सीप विकास गरेको सुनिश्चित गर्न चाहन्छौ। यो पर्चा तपाईंलाई आफ्नो मूल्याङ्कनको तयारी गर्न मद्दतका लागि तयार गरिएको हो।

## तपाईंको मूल्याङ्कनको लागि तयारी गर्दा

तपाईंको मूल्याङ्कन गर्नुअघि, कृपया निश्चित गर्नुहोस् कि तपाईंबाट त्यो दिनमा के आशा गरिन्छ भन्नेबारे तपाई केही अनुसन्धान गर्नुहोस्। तपाईंलाई गर्नका लागि भनिने कुराहरू अभ्यास गर्नुहोस् र तपाईंको सडक नियमहरू सम्झनुहोस्! यहाँ केही वेबसाइटहरुको लिङ्कहरु छन् जुन तपाईंले उपयोगी पाउन सक्नुहुन्छ:

| | | | | |
|---|---|---|---|---|
| चलाउन सिक्नेबारे | तस्मानियाका सडक | मूल्याङ्कन मापदण्ड | प्लेट्स प्लस (Plates Plus) | तस्मानियामामा नवआगन्तुक (सडक सुरक्षा परिषद) |

तपाईंलाई आफ्नो मूल्याङ्कनको लागि कहाँ जाने थाहा भएको निश्चित गर्नुहोस् !

तपाईंको मूल्याङ्कनको समयभन्दा **कम्तिमा 15 मिनेट अघि** आइपुग्नुहोस्!

तपाईंको हालको इजाजतपत्र र तपाईंलाई आवश्यक पर्ने सबै चीज आफूसँग लिएर आउनुहोस्! (तपाईंलाई लगबुक, इजाजतपत्रको अनुवाद, L प्लेटहरू, एक सुपरिवेक्षक चाहिन सक्छ) यदि तपाई आफूसँग के लिएर जानुपर्छ भनेर निश्चित हुनुहुन्न भने कृपया हामीलाई सोध्नुहोस्!

## सवारी साधन जाँच

तपाईंले आफ्नो सवारीसाधनको उपयुक्तता र सडक योग्यता जाँच गरेको सुनिश्चित गर्नुहोस्। (**सवारी साधन चेकलिस्ट** प्रयोग गर्नुहोस् जुन तपाईंको बुकिङको पुष्टिमा संलग्न छ) – मूल्याङ्कनको दिनअघि सबै कुरा जाँच गर्नुहोस् र त्यसपछि मूल्याङ्कनको दिनमा फेरि जाँच गर्नुहोस्।

तपाईं आइपुग्दा, मूल्याङ्कनकर्ताले तपाईंसँगै सवारीसाधनको जाँच गर्नुहुनेछ। तपाईंलाई सवारीसाधनमा बस्न र निम्न नियन्त्रणहरू सञ्चालन गर्न सोधिनेछ:

- इग्निशन अन गर्न/कार स्टार्ट गर्न
- ब्रेक लाइटहरू चलाउन (ब्रेक पेडलमा खुट्टा राख्न र झिक्न)
- बायाँ र दायाँ बत्तीहरु बाल्न
- गाडीलाई रिभर्स गियरमा राख्न (यद्यपि रिभर्स नगर्नुहोस्!!)

**सवारीसाधन जाँचको भिडियो लिङ्क**

कृपया मूल्याङ्कनको दिनअघि आफ्नो सुपरिवेक्षक वा सहयोगी व्यक्तिसँग यस सवारीसाधनको जाँचकोअभ्यास गर्नुहोस् र तपाईं यस प्रक्रियासँग तपाईं परिचित भएको सुनिश्चित गर्नुहोस् (र तपाईंको गाडी सुरक्षित छ भनी जाँच गर्नका लागि)।

## मूल्याङ्कनका पूर्व-संक्षिप्त भेट र निर्देशनहरू।

एकपटक तपाईं र मूल्याङ्कनकर्ता दुवै गाडीमा बसेपछि र मूल्याङ्कन सुरु गर्न तयार भएपछि, मूल्याङ्कनकर्ताले गाडीमा क्यामेरा जोड्नेछन् र क्यामेरालाई केही कुराहरू भन्नेछन् - यो भिडियोको उद्देश्यको लागि एक औपचारिकता मात्र हो। मूल्याङ्कनकर्ताले मूल्याङ्कन कसरी सञ्चालन हुने, कति समय लाग्ने र मूल्याङ्कनका क्रममा उनीहरूले तपाईंलाई कसरी निर्देशन दिईन्छ भन्नेबारेमा तपाईंसँग कुराकानी गर्नेछन्। उनीहरुले यस्तै केही भन्नेछन् ...

*"सन्तोषजनक रूपमा मूल्याङ्कन गरिनका लागि तपाईंले मलाई देखाउनु पर्छ कि तपाईं राज्य वृद्धि (State Growth) द्वारा निर्धारित मापडण्ड अनुसार सवारी चलाउँदै हुनुहुन्छ।*
*मूल्याङ्कनको 'अन-रोड' (बाटोमा चलाउने) भाग लगभग 30 मिनेट जति लम्बिन्छ।*
*मूल्याङ्कन गर्दा म तपाईंलाई घुम्न वा रोक्न निर्देशन दिनेछु। सबै समयमा सडक संकेत र/वा सडक चिन्हहरू पालना गर्नुहोस्।*
*म तपाईंलाई कुनै पनि अवैध वा असुरक्षित काम गर्नका लागि भन्ने छैन।*
*मूल्याङ्कनका दुईवटा बिन्दुहरूमा, म तपाईंलाई ड्राइभिङ अभ्यास गर्न भन्ने छु।*
*तपाईंले अभ्यास गर्नुअघि, हामी सडकको छेउमा रोक्नेछौं र मैले तपाईंलाई गराउन चाहेको कुरा ठ्याक्कै व्याख्या गर्नेछु।*
*यदि कुनै पनि चरणमा मैले कुराहरू राम्रोसँग व्याख्या गरेको छैन भने, कृपया मलाई थाहा दिनुहोस् र म यसलाई फेरि व्याख्या गर्नेछु।*
*म प्रत्येक खण्डको अन्त्यमा तपाईंको ड्राइभिङ सम्बन्धि जानकरी रेकर्ड गर्नेछु। जब हामी रोक्छौं प्रायः म मूल्याङ्कन पाना भरिरहेको हुनेछु।*
*जब हामी फर्कन्छौं, म तपाईंलाई तपाईंको ड्राइभिङ्बारे केही प्रतिक्रिया दिनेछु र तपाईंलाई तपाईंको नतिजा थाहा दिनेछु।"*

(यदि अङ्ग्रेजी तपाईंको दोस्रो भाषा हो भने तपाईंलाई बुझ्न सजिलो बनाउनको लागि मूल्याङ्कनकर्ताले माथिका निर्देशनहरूलाई छोटो वा सरल बनाउन सक्छन्)। यदि तपाईंले नबुझेको केही छ भने कृपया यस चरणमा प्रश्नहरू सोध्नुहोस्।

## मूल्याङ्कनमा के समावेश हुन्छ?

'अन-रोड' (बाटोमा चलाउने) मूल्याङ्कन छ खण्डहरूमा सञ्चालन गरिन्छ। मूल्याङ्कनकर्ताले तपाईंको ड्राइभिङ र निर्णय क्षमता निगारानी गरिरहेको हुनेछ र **मूल्याङ्कन मापदण्ड** विरुद्ध गएमा चिह्न लगाइरहेको हुनेछ *(पछाडीको पानाको लिङ्क हेर्नुहोस्)।*

चारवटा खण्डहरूमा विन्दु A देखि विन्दु B सम्म सामान्य ड्राइभिङ हुन्छ जहाँ मूल्याङ्कनकर्ताले तपाईंलाई निर्देशन दिनेछन्। यी चार खण्डहरूमध्ये एउटामा तपाईंले न्यूनतम 80km/h गति सीमामा सडकमा 'मर्ज'हुने वा लेन परिवर्तन पनि गर्नुहुनेछ। अन्य दुई खण्डहरू अभ्यास हुन्छन्- तिनलाई तल व्याख्या गरिएको छ:

## केही चीज पछाडि छुट्टियो

यहाँ तपाईंले सुरक्षित र कानुनी रूपमा सवारी साधन घुमाउने आफ्नो क्षमता प्रदर्शन गर्न आवश्यक छ।

तपाईंले दुई पटक टर्नअराउन्ड (घुमाउने) गर्न आवश्यक छ र तपाईंले पार्क गर्नुभएको ठाउँ याद गर्नुहोस्, किनकि तपाईं पहिलेकै ठाउँमा फर्कनुहुनेछ।

***अवस्था यस्तो छ......*** *तपाईं यहाँबाट ड्राइभ गर्नुहुन्छ र सडकको केही विन्दुमा तपाईंले महसुस गर्नुहुन्छ*
*कि तपाईंले यस घरमा "केही चीज छुटाउनु भएको छ" र त्यसैले यसलाई लिन तपाईं फिर्ता जान आवश्यक छ।*
***जब अभ्यास सुरु हुन्छ .........*** *तपाईं गाडी अघि बढाउनु हुन्छ र सामान्य रूपमा सडकमा गाडी गुडाउनु हुनेछ।*
*कुनै विन्दुमा, म भन्नेछु "**तपाईंले पछाडि केहि छुटाउनु भएको छ - तपाईं फिर्ता जानु पर्छ**"।*
*त्यसपछि तपाईंले तपाईंको गाडीलाई घुमाउनको लागि पहिलो सुरक्षित र कानुनी ठाउँ खोज्नु पर्ने हुन्छ (ब्लकको वरिपरि ड्राइभ नगरी),*
*यो ठेगानालाई पार गरेर जानुहोस्, दोस्रो पटक घुम्नुहोस्, त्यसपछि फेरि यही स्थानमा पार्क गर्नुहोस्।*

**LSB भिडियो**

## साथीलाई भेट्नुहोस् (रिभर्स समानान्तर पार्क)

यहाँ तपाईंले अर्को 'टर्नअराउन्ड' (घुमाउने) गर्नुहुनेछ अनि एक **रिभर्स समानान्तर पार्क** हुनेछ। कहिलेकाहीँ तपाईंले पहिले रिभर्स पार्क गर्न सक्नुहुन्छ र त्यसपछि परिस्थितिअनुसार टर्नअराउंड (घुमाउने) गर्न सक्नुहुन्छ। मूल्याङ्कनकर्ताले यसलाई स्पष्ट भन्नेछ।

***अवस्था यस्तो छ......*** *तपाईं सडकमा गाडी चलाउँदै हुनुहुन्छ र तपाईंले एक साथीको गाडी सडकको विपरीत छेउमा पार्क गरेको देख्नुहुन्छ।*
*तपाईंले तिनीहरूलाई भेट्न जाने निर्णय गर्नुहुन्छ। मूल्याङ्कनकर्ताले तपाईंले आफ्नो गाडी रिभर्स पार्क गरेर पछाडी राख्नको लागि लक्षित गाडीलाई*
*देखाउनेछ। तपाईंले यो गाडी सम्झनु पर्छ।*
***जब अभ्यास सुरु हुन्छ .........*** *तपाईं गाडी अगाडी बढाउनु हुनेछ र लक्षित गाडीलाई पार गरेर जानुहुन्छ, एकपटक तपाईंले गाडी पार गरिसकेपछि*
*तपाईंले पहिलो सुरक्षित र कानुनी ठाउँमा घुमाउन आवश्यक छ (मूल्याङ्कनकर्ताले केही भन्नुहुन्न - तपाईंले कहिले घुमाउने निर्णय गर्न आवश्यक छ)।*
*जब तपाईं लक्षित गाडीमा पुग्नुहुन्छ तपाईंले यसको छेउमा रोक्नु पर्छ र सो गाडीको पछाडि रिभर्स पार्क गर्नु पर्छ।*

**RPP** भिडियो लिङ्क

## प्रतिक्रिया र तपाईंको परिणाम।

मूल्याङ्कनको अन्त्यमा मूल्याङ्कनकर्ताले तपाईंलाई तपाईंको ड्राइभिङको प्रतिक्रिया दिनुहुनेछ, तपाईंले राम्रो गर्नुभएका कुराहरू र तपाईंले काम गर्न आवश्यक क्षेत्रहरूको व्याख्या गर्नेछ। तिनीहरूले चित्रहरू प्रयोग गर्न सक्छन् र तपाईंलाई प्रतिक्रिया फाराम प्रदान गर्न सक्छन् जुन तपाईं आफ्नो मूल्याङ्कन पानाको प्रतिलिपिसाथमा त्यसलाई पनि लैजान सक्नुहुन्छ। तपाईं सफल हुनुभएको छ वा छैन भनी मूल्याङ्कनकर्ताले तपाईंलाई थाहा दिनेछ। कृपया याद गर्नुहोस् कि यदि तपाईंको नतिजा तपाईंले आशा गरिरहनुभएको जस्तो छैन भने, मूल्याङ्कनकर्ताले  तपाईंले ध्यान दिनु पर्ने आवश्यक कुराहरू बुझाउन मद्दत गर्न सक्छ - हामी तपाईं सफल हुनुहोस् भन्ने चाहन्छौं!





## हामीलाई सम्पर्क गर्नुहोस्।

यदि तपाईंसँग तपाईंको मूल्याङ्कनको बारेमा कुनै थप प्रश्नहरू छन् भने, कृपया हामीलाई इमेल गर्नुहोस्
driver.assessment@stategrowth.tas.gov.au
वा हामीलाई **6166 3171** मा फोन गर्नुहोस्।

Road User Services
(Driver Assessment Client Support Program)

Department of State Growth
GPO BOX 536, Hobart
Tasmania, Australia 7001